# काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्या:-२०८३/०८४ (शिक्षा विभाग)

चलानी नं.:- २८१

**सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा दरखास्त आह्वानसम्बन्धी सूचना।**

*(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/०२, ने.सं ११४६ गुँलाथ्व खस्थि)*

नेपालको संविधानको धारा ५७ र अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (ज) तथा शिक्षा नियमावली, २०५९ (दशौं संशोधनसहित) को नियम ९३ को उपनियम (२) को अधिकार प्रयोग गरी शिक्षा तथा स्वास्थ्य समितिको मिति २०८३।०४।०५ को निर्णय एवम् काठमाडौं महानगरपालिकाको मिति २०८३।०४।१४ को (प्रमुख प्रशासकीय अधिकृतस्तरीय) निर्णयानुसार काठमाडौं महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा रिक्त रहेका तथा पदावधि सकिन एक महिनाभन्दा कम अवधि बाँकी रहेका विद्यालयहरूमा प्रधानाध्यापक पदपूर्ति गर्न विज्ञापन गर्नुपर्ने भएकाले दरखास्त आह्वान गरिएको छ । तोकिएको योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरूले मिति २०८३।०५।०२ गतेदेखि मिति २०८३।०५।१६ गतेसम्म रीतपूर्वकको दरखास्त सम्बन्धित विद्यालयमा पेस गर्नुहुन सूचित गरिन्छ।

**देहाय :**

**१. प्रधानाध्यापक पद रिक्त रहेका विद्यालयहरूको विवरण**

क) माध्यमिक विद्यालयहरू (२२ वटा):

| सि.नं. | विद्यालयको नाम र ठेगाना |
|---|---|
| १ | नन्दी रात्री माध्यमिक विद्यालय, काठमाडौं १, नक्साल |
| २ | शिवपुरी माध्यमिक विद्यालय, काठमाडौं ३, महाराजगञ्ज |
| ३ | महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालय, काठमाडौं ४, बालुवाटार |
| ४ | धुम्रबराह माध्यमिक विद्यालय, काठमाडौं ४, धुम्बाराही |
| ५ | नवजागृति माध्यमिक विद्यालय, काठमाडौं ६, रामहिटी |
| ६ | बाल व्यवसायी केन्द्र माध्यमिक विद्यालय, काठमाडौं ७, सिफल |
| ७ | मङ्गलादेवी माध्यमिक विद्यालय, काठमाडौं ९, बत्तीसपुतली |
| ८ | जनप्रभात माध्यमिक विद्यालय, काठमाडौं १३, कालिमाटी |
| ९ | नीलबाराही माध्यमिक विद्यालय, काठमाडौं १३, टंकेश्वर |
| १० | सिद्धि गणेश माध्यमिक विद्यालय, काठमाडौं १६, पकनाजोल |
| ११ | सितला माध्यमिक विद्यालय, काठमाडौं १६, बालाजुहाइट |
| १२ | भक्त विद्याश्रम माध्यमिक विद्यालय, काठमाडौं १८, रक्तकाली |
| १३ | शान्ति निकुञ्ज माध्यमिक विद्यालय, काठमाडौं २०, भगवतीबारी |
| १४ | परोपकार माध्यमिक विद्यालय, काठमाडौं २०, भिमसेनस्थान |
| १५ | नवयुग माध्यमिक विद्यालय, काठमाडौं २१, ज्यावहाल |
| १६ | नेपाल आदर्श माध्यमिक विद्यालय, काठमाडौं २२, गणबहाल |
| १७ | प्रभात माध्यमिक विद्यालय, काठमाडौं २५, नःघल |
| १८ | महाँकाल माध्यमिक विद्यालय, काठमाडौं २७, महाँकाल |

फोन नं.: +९७७-१-५९०९०३२ (प्रमुख), +९७७-१-४१६८७३२ (उप-प्रमुख), +९७७-१-४१६८७१७ (प्रमुख प्रशासकीय अधिकृत)
ईमेल: kmcmayor@mos.com.np, deputy.mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौँ, नेपाल, वेभसाइट: www.kathmandu.gov.np

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्याः- २०८३/०८४
चलानी नं.:- २८१

| सि.नं. | विद्यालयको नाम र ठेगाना |
|---|---|
| १९ | त्यौड माध्यमिक विद्यालय, काठमाडौं २७, असन |
| २० | शहिदशुक्र माध्यमिक विद्यालय, काठमाडौं २८, बागबजार |
| २१ | भिमसेनगोला माध्यमिक विद्यालय, काठमाडौं ३१, नयाँ बानेश्वर |
| २२ | कोटेश्वर सरस्वती माध्यमिक विद्यालय, काठमाडौं ३२, कोटेश्वर |

ख) आधारभूत विद्यालयहरू (१४ वटा):

| सि.नं. | विद्यालयको नाम र ठेगाना |
|---|---|
| १ | पञ्चकन्या आधारभूत विद्यालय, काठमाडौं ४, लङ्टंगिन |
| २ | मित्र आधारभूत विद्यालय, काठमाडौं ७, चावहिल |
| ३ | शारदा आधारभूत विद्यालय, काठमाडौं ८, तिलगंगा |
| ४ | बुद्धनगर आधारभूत विद्यालय, काठमाडौं १०, बुद्धनगर |
| ५ | रुद्रमती आधारभूत विद्यालय, काठमाडौं १०, बानेश्वर |
| ६ | राष्ट्रिय आधारभूत विद्यालय, काठमाडौं १२, टेकु |
| ७ | महेन्द्र सरस्वती सेवा आधारभूत विद्यालय, काठमाडौं १२, टेकु |
| ८ | इश्वर आधारभूत विद्यालय, काठमाडौं १५, स्वयम्भू |
| ९ | जनसुधार आधारभूत विद्यालय, काठमाडौं १५, स्वयम्भू |
| १० | बालविकास आधाभूत विद्यालय, काठमाडौं १७, क्षेत्रपाटी |
| ११ | कंकेश्वरी आधारभूत विद्यालय, काठमाडौं १९, कंकेश्वरी |
| १२ | कृष्ण मन्दिर आधारभूत विद्यालय, काठमाडौं २५, न्ह्यौखा |
| १३ | ज्ञान विकास आधारभूत विद्यालय, काठमाडौं ३०, ज्ञानेश्वर |
| १४ | सर्वेश्वर आधारभूत विद्यालय, काठमाडौं ३२, जडिबुटी |

२. उम्मेदवारको योगयता तथा सर्तहरू

- माध्यमिक तहका लागिः

  मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ। तर, शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी ५ (पाँच) वर्ष स्थायी सेवा गरेको शिक्षकसमेत माध्यमिक तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ।

- आधारभूत तहका लागिः

  मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ। तर, शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी ५ (पाँच) वर्ष स्थायी सेवा गरेको शिक्षकसमेत आधारभूत तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ।

फोन नं.: +९७७-१-५९०९०३२ (प्रमुख), +९७७-१-४१६८७३२ (उप-प्रमुख), +९७७-१-४१६८७१७ (प्रमुख प्रशासकीय अधिकृत)
ईमेलः kmcmayor@mos.com.np, deputy.mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका
# यें महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र संख्याः- २०८२।०८४

चलानी नं.: २८९

३. उम्मेदवारीको प्राथमिकता

- दरखास्त पेस गर्दा सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्येबाट पेस गर्नुपर्नेछ।
- तर, शिक्षा नियमावलीको नियम ९३ को उपनियम (२क) बमोजिम सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक कार्यरत नरहेको अवस्थामा यस महानगरपालिकाभित्रको जुनसुकै विद्यालयमा कार्यरत योग्य स्थायी शिक्षकहरूले समेत दरखास्त दिन सक्नेछन्।

४. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरू

- रीतपूर्वक भरिएको दरखास्त फाराम।
- विद्यालय विकास प्रस्ताव (School Development Proposal) शिलबन्दी।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि।
- स्थायी नियुक्ति पत्र, बढुवा नियुक्ति पत्र र हालको पदमा हाजिर भएको पत्रको प्रतिलिपि।
- तालिम तथा अनुभव खुल्ने प्रमाणपत्रहरू।

(पेस गरिने सबै प्रतिलिपिहरू उम्मेदवार स्वयम्ले प्रमाणित गरेको हुनुपर्नेछ।)

५. छनोट प्रक्रिया तथा कार्यसम्पादन करार

- उम्मेदवारले पेस गरेको 'विद्यालय विकास प्रस्ताव' र त्यसमा उल्लिखित सूचकहरू तथा नियमावलीमा तोकिएका मूल्याङ्कनका आधारमा छनोट प्रक्रिया अगाडि बढाइनेछ।
- छनोट भएका उम्मेदवारले नियुक्ति पूर्व महानगरपालिका शिक्षा विभागसँग अनिवार्य रूपमा कार्यसम्पादन करार गर्नुपर्नेछ।

६. विविध

- म्याद नाघी आएका वा रीत नपुगेका दरखास्तहरू उपर कुनै कारबाही हुने छैन।
- दरखास्त फाराम र विद्यालय विकास प्रस्तावको ढाँचा शिक्षा विभागबाट प्राप्त गर्न सकिनेछ।

२०८२।५।२

(नमराज ढकाल)

विभागीय प्रमुख

<u>सादर अवगतार्थ</u> :

श्रीमान् कार्यबाहक प्रमुखज्यू, काठमाडौं महानगरपालिका ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, काठमाडौं महानगरपालिका ।

<u>बोधार्थ</u> :

श्री सूचना प्रविधि विभाग, काठमाडौं महानगरपालिका; *सूचना वेबसाइटमा अपलोड गरीदिनु हुन।*

*श्री* विद्यालय व्यवस्थापन समिति, सम्बन्धित सबै सामुदायिक विद्यालयहरू, काठमाडौं महानगरपालिका; *आवश्यक सहजीकरण गर्नुहुन एवम् छनोट प्रक्रिया अघि बढाउनु हुन।*

श्री निमित्त प्रधानाध्यापक, सम्बन्धित सबै सामुदायिक विद्यालयहरू, काठमाडौं महानगरपालिका; *निवेदनहरु संकलन गरी विद्यालय व्यवस्थापन समितिसमक्ष पेश गर्नुहुन एवम् छनोट प्रक्रियामा सहयोग गर्नुहुन ।*